# सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिला मन्त्री माननीय नरेश कुमार शाहीले सुदूरपश्चिम प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता

**सुदूरपश्चिम प्रदेश सरकार**
**आर्थिक मामिला मन्त्रालय**
**धनगढी, कैलाली**

**माननीय सभामुख महोदय,**

१. सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले यस गरिमामय प्रदेशसभामा विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न उपस्थित भएको छु ।यस गरिमाय प्रदेश सभामा विनियोजन विधेयक २०८० का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न पाउदा गौरवान्वित भएकोछु ।यो महत्वपूर्ण समयमा सम्पूर्ण शहिदहरु प्रति श्रदाञ्जली व्यक्त गर्दछु । आगामी आर्थिक वर्ष 2080/81 को बजेटमा योजनावद्ध विकास मार्फत वित्तीय सुशासन, गुणस्तरीय पूर्वाधार एवम् सामाजिक क्षेत्रको विकास, आधारभूत आवश्कतामा नागरिकको सरल र सहज पहुँच विस्तार, प्रभावकारी सेवा प्रवाह र स्रोत साधनको उच्चतम परिचालन मार्फत सन्तुलित विकासलाई जोड दिइने जानकारी गराउँदछु ।

अब म प्रदेशको आर्थिक तथा बजेट प्रणालीका विद्यमान समस्या तथा चुनौतीलाई संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु:

२. आर्थिक गतिविधिको विस्तारमा आएको संकुचन सँगै अपेक्षित राजस्व असुली नहुँदा मुलुकको अर्थतन्त्र दबाबमा रहेकोले त्यसको स्वाभाविक प्रभाव प्रदेशको आर्थिक वृद्धिमा समेत परेको छ । संघीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने समानीकरण अनुदान र राजस्व बाँडफाँटको प्रतिवद्ध रकम समेत घटेको कारण प्रदेश सरकारको आयमा संकुचन आएको हुँदा प्रदेश सरकारको स्रोत व्यवस्थापनमा चाप परेको छ । विनियोजन दक्षताको कमि र आयोजना तथा कार्यक्रमको प्रथामिकीकरण हुन नसक्दा चालु खर्च बढदै गएको साथै पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसकेको कारण प्रदेश सरकारको वित्त सन्तुलनमा चुनौती सिर्जना भएको छ ।

३. प्रदेशको आन्तरिक राजस्व परिचालन सन्तोषजनक नहुनु र संघीय अनुदानमा निर्भर रहनु परेको कारण स्रोत व्यवस्थापनको पर्याप्तता सुनिश्चित गर्न सकिएको छैन । उपलब्ध सिमित साधन स्रोतको वितरण

सन्तुलित र न्यायोचित नहुनु, सरकारी खर्च प्रणालीमा आर्थिक अनुशासनलाई संस्थागत गर्न नसक्नु र प्रदेश गौरव र रूपान्तरणकारी आयोजनाले बजेट विनियोजनमा प्राथमिकता नपाउनु, टुक्रे तथा साना कार्यक्रममा बजेट विनियोजन हुनु, पुँजी निर्माण हुने एवम् आर्थिक गतिविधि विस्तार हुने कार्यक्रमले उच्च प्राथमिकता पाउन नसक्नु र आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्ति कायमै रहनु जस्ता समस्या प्रदेशको बजेट प्रणालीमा विद्यमान रहेका छन् ।

४. तथापी, पर्यटन तथा सेवा क्षेत्रको गतिविधिमा भएको विस्तार, आर्थिक क्रियाकलापमा बढोत्तरी, कृषि उत्पादकत्वमा भएको वृद्धिले प्रदेशको आर्थिक प्रणालीमा सुधार हुने अपेक्षा गरिएको छ । यस सन्दर्भमा, प्रदेशको आन्तरिक राजस्व परिचालनमा सुधार, अनुत्पादक क्षेत्रको खर्च कटौती, चालु खर्चमा मितव्ययिता र उत्पादनमुलक क्षेत्रमा आर्थिक लाभ हुने गरी पुँजीगत खर्चमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । साथै ग्रामिण अर्थतन्त्रमा सुधार, उद्यमशिलता विकास, स्वरोजगार प्रवर्द्धन, सेवा प्रवाहमा सुधार र शासकीय व्यवहारमा पारदर्शिता र उत्तरदायित्वमा बढावा दिई बजेट अनुशासन कायम गर्नुपर्ने आवश्यकता र अवस्था सिर्जना भएको छ ।

५. विनियोजन विधेयक, २०८० तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेशको प्रथम पन्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, मिश्रीत अर्थतन्त्र, मानवअधिकार, बहुधार्मिक, वहुजातीय एवं सामाजिक संरचना र भौगोलिक विशिष्टातालाई प्रमुख आधारका रूपमा लिइनेछ । आगामी आर्थिक वर्षको बजेट दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक सांस्कृतिक रूपान्तरण र स्वरोजगार विकासतर्फ केन्द्रित हुने जानकारी गराउँदछु ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०80 का सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छुः

६. **उत्पादन र उत्पादकत्व वृद्धि**: उत्पादनमुलक क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको सहलगानी वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण मार्फत समृद्ध प्रदेश निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुनेछ । आन्तरिक राजस्व परिचालनलाई प्रभाकारी बनाइने छ । कृषि, पर्यटन तथा उर्जा व्यवशायलाई प्रवर्द्धन गरिनेछ । यसका लागि कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रिकीकरणलाई प्राथमिकता दिईनेछ । उत्पादनमुलक उद्योग स्थापना र संचालनमा स्वदेशी तथा विदेशी लगानी परिचालन गरी रोजगारीका अवसर सिर्जना गरिनेछ ।उत्पादन तथा रोजगारीमा युवाहरुलाई जोड्न पशुपालन, व्यवशायीक फलफुल विकास तथा व्यवशायीक कृषि विकासका लागि बाँझो जग्गामा कृषि खेति प्रर्वद्धन तथा युवा लक्षित सहकारी तथा सामुहिक खेति प्रणालीको प्रर्वद्धन गर्न विशेष कार्यक्रम वनाई सञ्चालन गर्ने नीति लिईनेछ ।

७. **सामाजिक क्षेत्रको विकास र सांस्कृतिक रूपान्तरण:** गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र आवास जस्ता नागरिकका आधारभूत आवश्कताको सुनिश्चितता गराउने नीति लिइनेछ । सबै वर्ग, क्षेत्र र समुदायको समन्यायिक पहुँच हुने गरी विकासको प्रतिफल वितरणको व्यवस्था मिलाइनेछ । व्यवस्थित बँसाइसराई र सहरीकरण मार्फत एकीकृत बस्ती विकासलाई जोड दिइनेछ । विकासको मूलप्रवाहमा पछाडि परेका वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायका साथै अपाङ्गता भएका नागरिकको सशक्तीकरण र समावेशी विकासतर्फ बजेट केन्द्रित हुनेछ । लोक भाषा, संस्कृति, कला र साहित्यको प्रवर्द्धनमा युवा परिचालनको नीति लिइनेछ ।

८. **गुणस्तरीय र दिगो पूर्वाधार विकास:** दिगो, उत्थानशील र लागतप्रभावी भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ । भौतिक संरचनाको एकीकृत उपयोगको नीति लिइनेछ । सडक, सिंचाई, पुल र खानेपानी जस्ता ठुला पूर्वाधार विकासमा गुणस्तर तथा सुरक्षा परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ ।

९. **सुशासन र सेवा प्रवाहमा सुधार:** प्रदेशबाट प्रवाह हुने सार्वजनिक सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न प्रदेश सरकारको संयन्त्रको क्षमता अभिवृद्धि गरिनेछ । प्रदेश सरकारका कामकारवाहीलाई पारदर्शी, जवाफदेही, उत्तरदायी र सहभागितात्मक बनाइनेछ । सार्वजनिक खर्चमा मितव्ययिताको नीति अवलम्बन गरिनेछ । सार्वजनिक निकायमा वित्तीय अनुशासन, सदाचार, निष्पक्षता र स्वच्छता प्रवर्द्धन गरिनेछ । भ्रष्टाचार विरुद्ध शुन्यसहनशिलताको नीति अवलम्वन गर्दै सेवा प्रवाहलाई नागरिकमैत्री र सूचना प्रविधिमा आधारित बनाई सार्वजनिक सेवाको पहुँच र गुणस्तरमा अभिवृद्धि गरिनेछ ।

१०. **संघीयताको सवलिकरण:** वर्तमान संघीय प्रणालीलाई वलियो र प्रभावकारी वनाउने नीति अख्तियार गरिनेछ यसको लागि सरकारको योजना, नीति, कार्यक्रमलाई पारदर्शि, अधिकतम रुपमा जनसहभागितामुलक, स्थानीय तह संगको प्रभावकारी समन्वय र सहकार्य तथा वित्तीय हस्तान्तरणलाई बढावा दिईनेछ ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०८० मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छुः

११. कृषिजन्य उत्पादन वृद्धि तथा पशुपन्छी क्षेत्रको विकासमा जोड दिइनेछ । यसका लागि कृषि तथा पशुपंन्छी क्षेत्रको व्यवसायीकरण, बजारीकरण र औद्योगिकीकरणको प्रवर्द्धन गर्दै कृषि पूर्वाधार विकास, प्राविधिक सहायता, बीउबिजन, मलखाद, नश्लसुधार, पशु स्वास्थ्य, कृषि तथा पशुपन्छी बिमा र कृषि प्रसार लगायतका सेवालाई थप प्रभावकारी बनाइने छ । रैथाने बाली र प्राङ्गारिक तथा जैविक प्रविधिमा आधारित खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । कृषि उपजको भण्डारण र बजारीकरण प्रवर्द्धन गरी आपूर्ति प्रणालीलाई प्रभावकारी बनाइने छ । नीजि, सार्वजनिक तथा सहकारीद्वारा ठुला तथा व्यवासायीक कृषि तथा पशुपन्छी फार्म

सचालनलाई प्रोत्साहित गर्दै यसलाई सहयोग, साझोदारी तथा सहजीकरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१२. प्रदेशको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि हुने गरी निजी क्षेत्र समेतको सहभागितामा पर्यटकीय पूर्वाधार विकास, प्रदेश भित्रका प्राकृतिक, धार्मिक, आध्यात्मिक, साँस्कृतिक स्थलहरूको संरक्षण तथा सम्बर्द्धन गर्दै नयाँ पर्यटकीय गन्तब्य पहिचान गरिनेछ र पुरातात्विक स्थलहरुको संरक्षणा प्रर्वद्धन तथा पर्यटकीय सर्किट निर्माणलाई प्राथमिकता दिईनेछ। जडिबुटी उत्पादन र वनपैदावारको बहुउपयोगबाट आर्थिक क्रियाकलापमा वृद्धि गर्दै वन तथा वातावरणमैत्री हरित विकासको अवधारणा अवलम्बन गरिनेछ । प्राकृतिक प्रकोप व्यवस्थापन र वन सम्पदाको संरक्षण गरिनेछ। सामुदायिक बनलाई उत्पादन र रोजगारी संग जोडने नीतिलाई प्राथमिकतामा राखिने छ ।

१३. जलवायु परिर्वतनले निम्त्याएको असरलाई न्यूनिकरण र अनुकुलनका कार्यक्रमहरुलाई वजेटमा प्राथमिकता दिईनेछ । दिगो विकासका लक्ष्यहरु हासिल गर्न वजेट केन्द्रित रहने छ ।

१४. उच्च शिक्षालाई उत्पादनमुलक, अनुसन्धानमुलक र नवप्रवर्तनमा आधारित बनाई व्यवहारिक र जीवनोपयोगी बनाइने छ । शैक्षिक गुणस्तर, प्राविधिक शिक्षा र सिकाई उपलब्धी वृद्धिमा जोड दिइनेछ। उच्च शिक्षाको अवसरबाट बन्चितीमा रहेका वर्ग, लिङ्ग र समुदायको पहुँच बढाइने छ । सीपमूलक कार्यक्रम संचालन एवम् लक्षित कार्यक्रमलाई रोजगारीसँग आवद्ध

गरिनेछ । एक पालिका एक सामुदायीक आवसीय विद्यालय सञ्चालनको कार्य शुरुवात गरिनेछ ।

१५. आधारभूत स्वास्थ्य सेवामा सरल र सहज पहुँच विस्तार गरिनेछ । विशिष्टीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । नागरिकको नियमित स्वास्थ परिक्षणको कार्यलाई प्राथमिकता दिने तथा स्वास्थ्य पूर्वाधार,

उपकरण र जनशक्ति विकासमा जोड दिइनेछ । नीजि सार्वजनिक, सहकारी वा गैर सरकारी क्षेत्र वा संस्थावाट वालवालिका, महिला तथा ठुला र जटिल रोग विशेष सम्बन्धिको स्वास्थ्य संस्था संचालनलाई प्राथामिकता दिई आवश्यक सहयोग, साझेदारी र सहजीकरण गर्ने कार्यलाई प्राथामिकता दिईने छ । वैकल्पिक चिकित्सा पद्धतिलाई जोड दिइनेछ । महामारी व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य प्रणालीको सुदृढीकरण तथा क्षमता विकास गरिनेछ ।जटिल रोगहरुको उपचारका लागि विमा गर्ने व्यवस्था गरिनेछ र यसका लागि यस प्रदेशमा कार्यरत निजि तथा सार्वजनिक संस्थाले संकलन तथा परिचालन गर्ने सार्वजनिक उत्तरदायित्वको कोषलाई साझेदारीमा परिचालन गर्ने नीति लिईनेछ ।

१६. स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको अध्ययन अनुसन्धान र प्रवर्द्धनमा युवा परिचालन गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा टेवा पुग्ने कार्यक्रम संचालन गरिनेछ । खेलकुद पूर्वाधारको विकास गरी युवाहरूको लागी व्यावसायिक खेलकुदका अवसरहरू सिर्जना गरिनेछ । लागु औषध र दुव्र्यसनीलाई निरुत्साहित र नियन्त्रणको लागि आवश्यक कार्यक्रम वनाईने छ ।

१७. बालश्रमको निषेध र न्यूनीकरण गरिनेछ । सहराविहिन वालवालिको संरक्षणका लागि वजेटमा प्राथमिकता दिईनेछ तथा सशक्तिकरण र मूलप्रवाहीकरणलाई जोड दिई महिला, दलित, थारु, जनजाति, अल्पसंख्यक र बञ्चितिमा रहेका वर्ग, समुदाय र क्षेत्रका नागरिकहरूलाई विकासमा सहभागी गराइनेछ । स्रोत र साधनमा महिलाहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।सार्वजनिक यातायात सेवालाई सुरक्षित, सहज र प्रतिस्प्रधि वनाइनेछ ।

१८. प्रदेशभित्र सडक, पुल, सिंचाई, ऊर्जा, खानेपानी तथा सरसफाई र सहरी विकासका क्षेत्रमा ठुला र रणनीतिक पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ । प्रदेश गौरवका आयोजना समयमै सम्पन्न गर्ने गरी रकमको विनियोजन गरिनेछ । पूर्वाधार विकासको गुणस्तर मापदण्ड बनाई

नियमनकारी व्यवस्थालाई प्रभावकारी बनाइनेछ । विपन्न, आवासविहिन एवम् विपद्को उच्च जोखिममा रहेकाहरूको लागि व्यवस्थित आवासको व्यवस्था गरिनेछ ।

१९. प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, क्रमागत र अधुरा आयोजनाको लागि आगामी आर्थिक वर्षमा बजेट सुनिश्चित गरिनेछ । प्रदेश सरकारद्वारा निर्माण भई सञ्चालनमा रहेका सडक, पुल, भवन जस्ता भौतिक सम्पत्तिको नियमित मर्मत सम्भारका लागि आवश्यक स्रोत व्यवस्थापन गरिनेछ । अन्तर जिल्ला कनेक्टीभिटीलाई प्राथामिकता दिईने छ ।

२०. दुर्गम ग्रामिण बस्तीहरूबाट बँसाइसराई गरी जाने समस्याको निराकरणका लागि यस्ता बस्तीहरूलाई आधुनिकीकरण गर्न पूर्वाधार तथा सामाजिक सेवाका कार्यक्रम एकीकृत रूपमा संचालन गरिनेछ ।

२१. प्रादेशिक नीति तर्जुमा र कार्यान्वयनका साथै सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही एवम् पारदर्शी बनाउन शासकीय संयन्त्रको क्षमता विकासमा जोड दिइनेछ । सार्वजनिक सेवामा नागरिकको पहुँच र गुणस्तर बढाइनेछ । सुशासन, सदाचार, वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्द्धन गरिनेछ । कर तथा गैरकर क्षेत्रको दायरा विस्तार गर्नुका साथै सूचना प्रविधिको उपयोग मार्फत प्रशासनिक क्षमता विकास गरी सेवा प्रवाहलाई चुस्त र छिटो छरितो बनाइनेछ । मानव अधिकार र विधिको शासनलाई जोड दिइनेछ ।

२२. प्रदेशको आर्थिक विकासमा सरकारी, निजी र सहकारी क्षेत्रबीच समन्वय, सहकार्य, सहलगानी र सहवित्तीयकरणको माध्यमबाट उत्पादनशील र सामाजिक विकासको क्षेत्रमा लगानी अभिवृद्धि गरिनेछ । विकास साझेदार तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमलाई सहजीकरणको माध्यमबाट सन्तुलित विकासमा योगदान पुग्ने गरी उपलब्धिमूलक र प्रदेश

सरकारको कार्यक्रमसँग दोहोरो नपर्ने गरी उचित समन्वय र सहकार्यको नीति अवलम्बन गरिनेछ ।

२३. बजेट प्रणालीको अनुमानयोग्यता, विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा सुधार गरिने छ । एकातिर बजेटको माग वर्षैभरि भइरहने अर्कोतर्फ विनियोजित बजेट बाँडफाँट मुताविक खर्च नहुने प्रवृत्तिलाई सुधार गर्दै बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमताको आधारमा खर्च हुने र खर्च गर्न सकिने कार्यक्रम तथा क्रियाकलापमा मात्र कार्यक्रम तथा बजेट व्यवस्था गरिने छ ।

२४. यस प्रदेशमा रहेको गरिवी र बेरोजगारीका कारण छिमेकी मुलुक भारतमा मौसमी र न्यून ज्यालामा हुने अदक्ष श्रमिकको श्रम आप्रवासनलाई सिमा नाकामा विवरण अभिलेखिकृत गर्ने तथा यस्तो श्रम आप्रवासनलाई निरुत्साहित गर्दै भाषा, शिक्षा र सीपमूलक तालिम र सहुलियतपूर्ण ऋण प्रदान गरी अर्धदक्ष र दक्ष श्रमिकलाई सुरक्षित र तुलनात्मक रूपमा बढी ज्याला र बढी विप्रेषण कमाई गर्न सकिने रोजगारीका लागि प्रोत्साहित गरिने प्रणालीको प्रारम्भ गरिनेछ ।

२५. सुदूरपश्चिम प्रदेशलाई सूचना र प्रविधिको हव वनाउने दिशा तिर आगामी कार्यक्रमहरु केन्द्रित गर्दै लगिनेछ । सुदुरपश्चिम प्रदेशमा सफट्वयर तथा हार्डवयर एसम्बल कम्पनी संचालनका लागि सहयोग तथा सहजिकरण गर्न बजेटमा प्राथामिकता दिईनुका साथै सुदूरपश्चिम प्रदेशलाई डिजिटलाईज गर्दै ई गभर्ननेन्सको अवधारणा कार्यान्वयनमा जोड दिईनेछ।

२६. नव प्रर्वतनका क्रियाकलापहरु तथा श्रृजनशिल अवधारणाको प्रदर्शनलाई व्यवासायिक सहयोग गर्ने कार्यमा प्राथमिकता दिइनेछ ।

२७. दलित, महिला, जनजाति, थारु, कमैया, हलिया, फरक क्षमता भएका वा विभेद र बहिष्करणमा पारिएका जाति, क्षेत्र र समुदायको आर्थिक तथा सामाजिक उत्थानको लागि लक्षित कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।साथै विभिन्न सुचकाङ्कमा कमजोर रहेको र दुर्गम पिछडिएको क्षेत्रलाई

वजेटमा प्राथमिकता दिईनेछ।  प्रदेशमा रहेका युवाहरूको क्षमतालाई कदर गर्दै विकास निर्माण र उत्पादन तथा उत्पादकत्व वृद्धि हुने कार्यक्रममा युवाहरुको सामुहिक परिचालनको नीति अवलम्बन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

२८. विनियोजन विधेयक, २०80 का सिद्धान्त र प्राथमिकताका आधारमा तयार हुने बजेट तथा कार्यक्रमबाट विद्यमान समस्या र चुनौतीको सम्बोधन हुनुका साथै प्रदेशको प्रथम पन्चवर्षीय योजनाले निर्दिष्ट गरेको लक्ष्य प्राप्ति हुने विश्वास लिएको छु ।

२९. विनियोजन विधेयक, २०80 का सिद्धान्त र प्राथमिकता उपर यस सम्मानित सभामा छलफल भई माननीय सदस्यहरूबाट रचनात्मक र सिर्जनात्मक सुझाव प्राप्त हुने मैले अपेक्षा गरेको छु । माननीय सदस्यहरूबाट प्राप्त हुने सुझावलाई आगामी आर्थिक वर्ष 2080/81 को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शनको रूपमा लिने विश्वास दिलाउन चाहन्छु ।

**धन्यवाद**